श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए-बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२३ सालको अध्यादेश नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

### निर्वाचनसम्बन्धी अपराध तोक्न र सजायको व्यवस्था गर्न बनेको अध्यादेश

निर्वाचनसम्बन्धी अपराध तोक्न र सजायको व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस अध्यादेशको नाम "निर्वाचन (अपराध तथा सजाय) अध्यादेश, २०२३" रहेको छ ।

(२) यो अध्यादेश नेपाल अधिराज्य भर लागू हुने छ ।

(३) यो अध्यादेश तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमाः–

(क) "निर्वाचन" भन्नाले नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून-बमोजिम गाउँ-पञ्चायत, नगर-पञ्चायत, जिल्ला-सभा, जिल्ला-पञ्चायत, अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको तथा नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल किसान संगठन, नेपाल मजदूर संगठन र नेपाल भुतपूर्व सैनिक संगठनका सबै तहको निमित्त हुने निर्वाचन सम्झनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "उम्मेदवार" भन्नाले निर्वाचनको निमित्त उम्मेदवारको रूपमा मनोनीत भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ग) "निर्वाचनको अधिकार" भन्नाले कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवार भई खडा हुने वा नहुने वा उम्मेदवारबाट आफ्नो नाम फिर्ता लिने वा निर्वाचनमा मत दिने वा नदिने अधिकार सम्झनु पर्दछ ।

(घ) "निर्वाचन विशेष अदालत" भन्नाले दफा १५ बमोजिम गठन भएको निर्वाचन विशे अदालतलाई सम्झनु पर्दछ ।

(ङ) "निर्वाचन आयोग" भन्नाले नेपालको संविधानबमोजिम गठन भएको निर्वाचन आयोग सम्झनु पर्दछ ।

३. नि चिनको अधिकार प्रयोग गर्न नाम दिन वा लिन नहुनेः– (१) कसैले कसैलाई निजको निर्वाचनको अधिकार प्रयोग गर्न वा गरेबापत वा अरू कसैलाई त्यस्तो अधिकारको प्रयोग गर्न लगाउनाको निमित्त नामको रूपमा नगद, जिन्सी वा कुनै कारको सेवा दिन, दिने मञ्जूर गर्न वा उद्योग गर्न हुँदैन ।

(२) कसैले निर्वाचनको अधिकार प्रयोग गर्न वा अरू कसैलाई त्यस्तो अधिकारको योग गर्न लगाउन वा सो कुराको उद्योग गरेबापत कसैबाट आफ्नो वा अरू कसैको निमित्त ईनामको रूपमा नगद, जिन्सी, वा कुनै प्रकारको सेवा लिन, लिने मञ्जुर गर्न वा उद्योग गर्न दैन ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा गर्ने प्रतिज्ञा गरेकोमा सो उप-दफाहरूमा लेखिएबमोजिम अपराध गरेको मानिने छैन ।

४. निर्वाचनमा अनुचित प्रभाव पार्न नहुनेः– (१) कुनै व्यक्तिले कुनै उम्मेदवार वा मतदातालाई वा निजहरू मध्ये कसैको सरोकार वा स्वार्थ भएको अन्य कुनै व्यक्तिलाई कुन किसिमको क्षति पुऱ्याउने वा सामाजिक बहिष्कार गर्ने धम्की दिन वा कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुनछ भन्ने त्रासमा पार्न वा निर्वाचनको अधिकारको आफू खुशी योगमा अन्य कुनै प्रकारले अनुचित प्रभाव पार्न वा त्यस्तो कुनै कुराको उद्योग गर्न हुंदैन ।

तर कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा गर्ने प्रतिज्ञा गरेकोमा वा कुनै अनुचित प्रभाव पार्ने उद्देश्य नभई आफ्नो कुनै कानूनी अधिकार प्रयोग गरेकोमा यस दफाबमोजिम अपराध गरेको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कसैले निर्वाचनको नतीजामा प्रभाव पार्ने मनसायले कुनै उम्मेदवारको व्यक्तिगत चरित्र वा आचरणको सम्बन्धमा आफूले झूठो हो भनी जानेको वा विश्वास गरेको कुनै कुरालाई सांचो हो भनी प्रकाशित गर्न हुँदैन।

(३) कसैले निर्वाचन जित्न वा जिताउन सम्प्रदाय, जात वा धर्मको आधारमा मत दिन वा मत नदिन अनुरोध वा पुनरावेदन (अपील) गर्न हुँदैन।

५. निर्वाचनमा नाम ढाँट्न नहुने :– निर्वाचनमा अर्काको नामबाट वा बनावटी नामले मतदानपत्र लिन वा मत दिन वा एक पटक कुनै निर्वाचनमा मत दिइसकेपछि फेरि सोही निर्वाचनमा आफ्नो नामले मतदानपत्र लिन वा मत दिन वा त्यस्तो कुनै कुरा गर्न मद्दत वा उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन ।

६. निर्वाचन हुने दिन निर्वाचनको प्रचार गर्न नहुने:– कुनै व्यक्तिले प्रिजाइडिङ्ग अफिसर वा पोलिङ्ग अफिसरले तोकेको मतदान केन्द्रको क्षेत्रभित्र मत लिने दिने कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको प्रचार गर्न वा त्यस्तो उद्देश्यले कुनै सभा बोलाउन वा गर्न वा त्यस्तो सभामा हाजिर हुन हुँदैन।

७. मतदान गोप्य राख्ने:– कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचनसम्बन्धी कुनै काम गर्ने कुनै कर्मचारी, एजेन्ट वा अन्य कुनै व्यक्तिले मत दर्ता वा गन्ती वा तत्सम्बन्धी अन्य कुराहरू प्रकाशित गर्न हुँदैन ।

८. निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले मतदानमा प्रभाव पार्न नहुने:– निर्वाचनसम्बन्धी काम गर्ने कुनै कर्मचारीले कानूनबमोजिम आफ्नो मत दिन बाहेक कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत दिन वा नदिन कसैलाई प्रेरित गर्न वा कुनै किसिमले प्रभाव पार्न हुँदैन।

९. मतदान केन्द्र वा त्यसको नजीक शान्ति भङ्ग गर्न निषेध:–मतदाता वा निर्वाचनको काममा खटिएका कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्रमा वा त्यसको नजीकमा कसैले लाउड स्पीकर, मेगाफोन वा त्यस्तो अरू कुनै यन्त्र प्रयोग गर्न वा गराउन, हल्ला मचाउन वा अशान्ति फैलाउने अरू कुनै काम गर्न हुँदैन।

१०. मतदान केन्द्रमा दुर्व्यवहार गर्न निषेध:– छल कपट गरी वा सो गर्ने उद्देश्यले कुनै व्यक्तिले कुनै निर्वाचनमा देहायमा लेखिएको कुन काम गर्न हुँदैन।

(क) कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त च्यातन, नाश गर्न वा त्यसमा लेखिएको कुनै कुरा मेट्न वा सच्याउन, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निर्वाचनको काममा खटिएको कुनै कर्मचारीले टांसेको वा टांस्न लगाएको कुनै फिहरिस्त, सूचना वा अन्य कुनै कागजात मेट्न, सच्याउन, बिगार्न, च्यात्न, हटाउन वा कुनै प्रकारले नाश गर्न, वा

(ग) कुनै मतदान पत्रमा लागेको कुनै अड्डा वा अधिकारीको दस्तखत, छाप वा अन्य कुनै चिह्न मेट्न, च्यात्न वा बिगार्न, वा

(घ) कुनै व्यक्तिलाई मतदान पत्र दिन वा आफूले खसाल्न अधिकार पाएको मतदान-पत्र बाहेक अरु कुनै कुरा मतदान पेटिकामा खसाल्न, वा

(ङ) निर्वाचनको काममा प्रयोग भएको मतदान पेटिका बिगार्न, खोल्न वा नोक्सान गर्न, वा

(च) निर्वाचनको काममा प्रयोग भएको मतदान पत्र कुनै प्रकारले नोक्सान गर्न, वा

(छ) कुनै मतदान केन्द्रबाट मतदान पत्र बाहिर लैजान,

(ज) माथि खण्ड (क) देखि (छ) सम्ममा उल्लेख भएको कुनै काम गर्न उद्योग गर्न वा मद्दत दिन वा दुरुत्साहन गर्न ।

११. बिना वारेण्ट गिरफ्तार गर्न सकिने:— कुनै व्यक्तिले दफा ६ वा दफा १० मा मनाही गरिएको कुनै काम गरेमा वा मतदान हुने समय भित्र कुनै मतदान केन्द्रमा कुनै गोलमाल गरेमा वा सो मतकेन्द्रमा खटिएको निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर वा पोलिङ्ग अफिसरले कानूनबमोजिम दिएको कुनै आदेश नमानेमा सो अफिसर-को आदेशले त्यस्तो व्यक्तिलाई त्यहाँ खटिएका प्रहरीका कर्मचारीले पक्राउ गरी कारवाई गर्न सक्ने छ ।

१२. सजाय:— (१) कसैले दफा ३, दफा ४, दफा ५ वा दफा १० को बर्खिलाप कुनै काम गरेमा निजलाई रू.३००।– तीन सयसम्म जरिवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुने छ ।

तर निर्वाचनको सिलसिलामा दफा ३ अन्तर्गतको अपराध हुने गरी कसैले मतदाताको निमित्त खाने, पिउने वा मनोरञ्जनको व्यवस्थासम्म गरेकोमा यस उप-दफाबमोजिम जरिवानाको सजाय मात्र हुने छ ।

(२) कसैले दफा ६ वा दफा ९ को बर्खिलाप कुनै काम गरेमा वा त्यस्तो काम गर्न कसैलाई मद्दत वा दुरुत्साहन दिएमा निजलाई रू. २५०।– दुई सय पचाससम्म जरिवाना हुन सक्ने छ ।

(३) कसैले दफा ७ वा दफा ८ को बर्खिलाप कुनै काम गरेमा वा त्यस्तो काम गर्न कसैलाई मद्दत वा दुरुत्साहन दिएमा निजलाई रू. ५००।– पांच सयसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कानूनबमोजिम निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर वा पोलिङ्ग अफिसरको आदेशले कुनै मतदान केन्द्रबाट हटाइएको कुनै व्यक्तिले त्यस्तो कुनै अफिसरको अनुमति बिना सो ठाउँभित्र फेरि प्रवेश गरेमा निजलाई रु. २५०।– दुईसय पचास सम्म जरिवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुन सक्ने छ।

(५) निर्वाचनसम्बन्धी कुनै कर्मचारीले कानूनबमोजिम आफूले गर्नुपर्ने निर्वाचन सम्बन्धी कुनै काम नगरेमा वा गर्न नहुने कुनै काम गरेमा यस दफाका अन्य उप-दफा बमोजिम अरू कुनै सजाय हुनेमा बाहेक निजलाई रु. ५००।– पाँच सयसम्म जरिवाना हुन सक्ने छ।

१३. निर्वाचन बदर हुने:– (१) कुनै निर्वाचन देहायबमोजिम भएको हो भनी सम्बन्धित उम्मेदवारले उजूर गर्न सक्ने छ र सो कुरा प्रमाणित भएमा सो निर्वाचन बदर हुने छ।

(क) सो निर्वाचनमा व्यापक रूपमा दफा ३, दफा ४, दफा ५, दफा ८, वा दफा १० को खण्ड (क) खण्ड (ङ) वा खण्ड (च) को बर्खिलाप काम कारवाही भएकोले निर्वाचन निष्पक्ष भएन भनी, वा

(ख) कसैले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त सदर गर्न नहुनेमा सदर गरिएकोले वा बदर वा खारेज गर्नुपर्नेमा बदर वा खारेज नगरिएकोले सो निर्वाचनको नतीजा वास्तवमा फरक पर्‍यो भनी।

(२) कुनै निर्वाचनमा देहायबमोजिम भएको छ भनी सम्बन्धित उम्मेदवारले उजूर गर्न सक्नेछ र सो कुरा प्रमाणित भएमा निर्वाचित उम्मेदवारको निर्वाचन बदर भई मुद्दा हेर्ने अधिकारीले उजूरवाला वा अन्य कुनै व्यक्ति उचित तवरले निर्वाचित भएको भनी फैसला गर्न सक्ने छ:–

(क) उजूरवाला वा अन्य कुनै उम्मेदवारले बैध तरीकाले बहुमत पाएको हो भनी, वा

(ख) सो निर्वाचनमा दफा ३, दफा ४, दफा ५, दफा ८ वा दफा १० को खण्ड (क) खण्ड (ङ) वा खण्ड (च) को बर्खिलाप गरी निर्वाचित उम्मेदवारले मतहरू नपाएको भए उजूरवाला वा अन्य कुनै उम्मेदवारले बहुमत पाउने थियो भनी।

(३) उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरा प्रमाणित भएमा सम्पूर्ण निर्वाचन वा निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने छैन:–

(क) दफा ३, दफा ४, दफा ५, दफा ८ वा दफा १० को खण्ड (क), खण्ड (ङ) वा खण्ड (च) को बर्खिलाप भएको काम कारवाई निर्वाचित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेदवार वा निजको एजेण्टको आज्ञा विरुद्ध वा अनुमति बिना भएको हो भन्ने, वा

(ख) खण्ड (क) मा उल्लेख भएको कुनै काम कारवाईबाट निर्वाचनको परिणाममा वास्तवमा केही असर परेको छैन वा निर्वाचित उम्मेदवार वा निजको एजेण्टले सो निर्वाचनमा त्यस्ता काम कारवाई हुन नदिन सकभर प्रयास गरेको थियो भन्ने ।

(४) निर्वाचन विशेष अदालतले उप-दफा (१) वा (२) बमोजिम सम्पूर्ण निर्वाचन वा कुनै निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने गरी फैसला गर्दा देहायबमोजिमका कुराहरू सो फैसलामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ:–

(क) उजूर वालाले उजूर गरेको कुरा सावित भए वा नभएको र सावित भएको भए कुन कुन कुरा कसरी सावित भएको हो भन्ने खोली, र

(ख) निर्वाचन बदर हुने काम कारवाई गर्ने व्यक्तिहरूको पूरा नाम, वतन र निजले गरेको अपराधको किसिम खोली ।

१४. कानूनी कारवाई गर्ने अधिकार:– दफा १२ को उप-दफा (२) अन्तर्गत सजाय हुने अपराधका सम्बन्धमा ठांडो जांच बुझ गरी सजायको आदेश दिने अधिकार सम्बन्धित निर्वाचन अफिसरलाई वा निजद्वारा अधिकृत व्यक्तिलाई हुनेछ र सो आदेश उपर कानूनबमोजिम निर्वाचन विशेष अदालतमा पुनरावेदन लाग्न सक्नेछ । त्यस सम्बन्धमा निर्वाचन विशेष अदालतले दिएको आदेश अन्तिम हुने छ ।

१५. निर्वाचन विशेष अदालतहरूको गठन तथा निर्णय:– (१) दफा १४ मा लेखिएदेखि बाहेक दफा १२ र दफा १३ अन्तर्गतको मुद्दा मामिलाको कारवाई र किनारा गर्ने अधिकार निर्वाचन आयोगको सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा गठन गरेको निर्वाचन विशेष अदालतलाई हुने छ ।

(२) उप-दफा (१) अन्तर्गत गठन भएका निर्वाचन विशेष अदालतहरूले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन ।

१६. श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गर्ने:– दफा १३ र दफा १५ मा जेसुकै लेखिएको भए तापनि यो अध्यादेशबमोजिम निर्वाचन विशेष अदालतमा परेको कुनै मुद्दा मामिलामा नेपालको संविधानको धारा ३६ अनुसार श्री ५ महाराजाधिराजबाट निर्णय हुनुपर्ने प्रश्न उपस्थित भएमा निर्वाचन विशेष अदालतले सो सम्बन्धमा आवश्यक जांच बुझ गरी अन्तिम निर्णयको लागि सम्बन्धित मिसिलसमेत श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गर्नुपर्दछ ।

१७. विशेष कार्य प्रणाली:– (१) यो अध्यादेश अन्तर्गतको मुद्दामा नालेश उजूर गर्न देहायका निर्वाचन विशेष अदालतमा देहायबमोजिम हद म्याद पाइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा र वर्गीय तथा व्यावसायिक संगठनहरूको प्रारम्भिक तह र जिल्लास्तरको निर्वाचनको सम्बन्धमा गठन भएको निर्वाचन विशेष अदालतमा १५ दिन,

(ख) जिल्ला पञ्चायत, अञ्चल सभाको सभापति, उप-सभापति र वर्गीय तथा व्यावसायिक संगठनहरूको अञ्चलस्तरको निर्वाचनको सम्बन्धमा गठन भएको निर्वाचन विशेष अदालतमा २५ दिन,

(ग) वर्गीय तथा व्यावसायिक संगठनहरूको केन्द्रीयस्तरको निर्वाचनको सम्बन्धमा गठन भएको निर्वाचन विशेष अदालतमा ३५ दिन ।

१८. उजूरीमा कारवाई नहुने अवस्थाः–(१) यस अध्यादेशबमोजिम दिइएको उजूरीपत्र कानून बमोजिमको रीत नपुगेको वा म्याद भित्र नदिइएको देखिएमा सो उजूरीमा कुनै कारवाई हुने छैन ।

(२) विपक्षीको मृत्यु भएमा दफा १३ को उप–दफा (१) बमोजिमको उजूरि खारेज गर्न सकिने छ ।

(३) यो अध्यादेशबमोजिम निर्वाचन विशेष अदालतमा दिइएको उजूरीको प्रतिलिपि १ सम्बन्धित निर्वाचन अफिसरलाई दिइएको वा निजको कार्यालयको ठेगानामा पठाइएको निस्सा पेश नगरिएसम्म त्यस्तो उजूरी मा कुनै कारवाई हुनेछैन ।

१९. उजूरी फिर्ता लिन सकिनेः– (१) उजूरवालाले निवेदनपत्र दिई दफा १३ बमोजिम आफूले दिएको उजूरी निर्वाचन विशेष अदालतको अनुमतिले फिर्ता लिन सक्ने छ ।

तर निर्वाचन विशेष अदालतको रायमा उजूरवालाले कुनै अनुचित लाभको लागि उजूरी फिर्ता लिने निवेदन दिएको हो भन्ने लागेमा सो उजूरी फिर्ता लिन अनुमति दिने छैन ।

(२) उप-दफा (१) बमोजिम उजूरी फिर्ता लिन निर्वाचन विशेष अदालतले अनुमति दिंदा सो मुद्दाको सिलसिलामा विपक्षीले व्यहोर्नु परेको मनासिब माफिकको खर्च निजलाई उजूरवालाले दिने गरी आदेश दिन सक्ने छ ।

२०. धरौटी राख्नु पर्नेः– उजूरवालाले यस अध्यादेशबमोजिम कुनै उजूरी दिंदा देहायका पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनको निर्वाचनको सम्बन्धमा देहायबमोजिम धरौट राख्नु पर्नेछ र उजूरी झुट्ठा ठहरिएमा सो धरौट जफत हुने छ ।

(क) गाउँ पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनको प्रारम्भिक तहको निर्वाचनको सम्बन्धमा रु. ५०।– पचास ।

(ख) नगर पञ्चायत र जिल्ला सभाको निर्वाचनको सम्बन्धमा रु. १००।– सय ।

(ग) जिल्ला पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनको जिल्लास्तरको निर्वाचनको सम्बन्धमा रु. १५०।– एक सय पचास ।

(घ) अञ्चल सभाको सभापति, उप-सभापति र वर्गीय तथा व्यावसायिक संगठनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केन्द्रीयस्तरको निर्वाचनको सम्बन्धमा रू. २००।– दुई सय, र

(ङ) राष्ट्रिय पञ्चायतको निर्वाचनको सम्बन्धमा रू. ३००।– तीन सय।

२१. अनुमति लिनुपर्ने:– निर्वाचन आयोगबाट अनुमति नलिई निर्वाचनको काम गर्ने कुनै कर्मचारी उपर यस अध्यादेशबमोजिम कुनै मुद्दा वा कानूनी कारवाई चलाइने छैन।

२२. मतदानको गोप्यता भङ्ग गर्न नहुने:– यस अध्यादेश वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश अन्तर्गत चलेको कुनै मुद्दा मामिला वा कानूनी कारवाईमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन।

२३. मत बराबर भएमा गर्ने:– यस अध्यादेशबमोजिम परेको उजूरीको कारवाईको सिलसिलामा सम्बन्धित निर्वाचनमा खडा भएका उम्मेदवारहरूको कानूनबमोजिम पाएको मत संख्या बराबर देखिन आएमा सो कारवाई चलाउने निर्वाचन विशेष अदालतले गोला हाली निर्वाचित उम्मेदवारको घोषणा गर्न सक्ने छ।

२४. फैसलाको सूचना दिने:– निर्वाचन विशेष अदालतले आफ्नो फैसलाको व्यहोरा निर्वाचन आयोग, सम्बन्धित निर्वाचन अफिसर तथा सम्बन्धित तहको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनलाई सूचित गर्नु पर्दछ।

२५. फैसला क्रियाशील हुने:– कुनै निर्वाचन बदर गर्ने गरी निर्वाचन विशेष अदालतले फैसला गरेकोमा त्यस्तो फैसलाको सूचना दफा २५ बमोजिम सम्बन्धित तहको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनले पाएको मितिदेखि मात्र सो बदर भएको मानिने छ। त्यसरी बदर भएको निर्वाचनमा निर्वाचित उम्मेदवारले सो हैसियतले कुनै काम कारवाई गर्न पाउने छैन।

२६. विशेष सुविधा:– निर्वाचन विशेष अदालतको कारवाईमा सोधिएको कुनै प्रश्नका सम्बन्धमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरुद्ध चलेको कुनै फौजदारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन।

२७. छिन्न बांकी मुद्दा सर्ने:– यो अध्यादेश प्रारम्भ भएको मितिले अघिल्लो दिनसम्म विशेष अदालतहरूमा दायर भई छिन्न बांकी रहेका पञ्चायतहरू र वर्गीय तथा व्यावसायिक संगठनहरूका निर्वाचनसम्बन्धी मुद्दा मामिलाहरू यो अध्यादेश प्रारम्भ भएपछि दफा १५ अन्तर्गत गठित श्री ५ को सरकारबाट तोकिएका निर्वाचन विशेष अदालतहरूमा सर्ने छन् र यो अध्यादेशबमोजिम कारबाई र किनारा हुने छन्।

२८. खारेजी र बचाउ:– (१) देहायका नेपाल ऐन खारेज गरिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 682

(क) राष्ट्रिय पञ्चायत (स्नातक प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ६, र परिच्छेद ७,

(ख) राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ५ र परिच्छेद ६,

(ग) राष्ट्रिय पञ्चायत (वर्गीय र व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ५ र परिच्छेद ६।

(२) यस अध्यादेशमा लेखिएजति कुरामा यसै अध्यादेशबमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०२३।१२।२१।२

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१०५४३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।